महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

पटेर्वा सुगौली गाउँपालिका

पर्सा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

पटेर्वा सुगौली गाउँपालिका

पर्सा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

पटेर्वा सुगौली गाउँपालिका

पर्सा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं.९४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
पटेर्वा सुगौली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पर्सा।

कैफियत सहितको राय

हामीले पटेर्वा सुगौली गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.५ करोड १७ लाख २४ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५४ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १२ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७५ लाख ७४ हजार र पेश्की रू.७३ लाख ८३ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.१३ करोड ३१ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ४९ लाख १५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
४९	१२५	५१७२४	०	०	०	४९	१२५	५१७२४	५४२३	२७५७४	११२५९	०	८५	३८९१८	७३८३

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पटेर्वा सुगौली गाउँपालिका पर्सा	१३३१९१	०	०	१३३१९१	०	५१७२४	१८४९१५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : पटेर्वा सुगौली गाउँपालिका, पर्सा।

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	संदेश कुमार यादव	२०७८-५-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	सोनु कुमार सोनी	२०७८-१०-१२	हाल सम्म कार्यरत
लेखा प्रमुख	अखिलेश कुमार सहनी	२०७७-४-१	२०७८-१०-११
		बेरुजु रकम	५१,७२३,५७५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९,११,९९,५०२.५८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२६,८३,६७,०००	**चालु खर्च**	२४,०५,९९,३५१.२
प्रदेश सरकारबाट अनुदान	१,४२,३७,०००	**पूँजीगत खर्च**	११,९३,६९,२३९
राजश्व बाँडफाँट	७,०५,९३,६७२.५३	**वित्तीय/अन्य व्यवस्था**	१३,४८,५९,९७९.०५
आन्तरिक आय	७२,१७,८९७.५६		
अन्य आय	९,५२,६१,३३९.८९		
कुल आय	४५,५६,७६,९०९.९८	**कुल खर्च**	४९,४८,२८,५६९.२५

बाँकी मौज्दात	५,२०,४७,८४३.३१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा, ६४.२९ वर्ग किलोमिटर क्षेत्रफल तथा २३९०१ जनसंख्या रहेको छ।	
२			**लेखापरीक्षण** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।१०।५ मा छलफल सम्पन्न भएको छ। छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्।	

३			**वित्तीय प्रतिवेदन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः	

आ.व.:२०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२					
प्राप्ती भुक्तानी हिसाव					
विवरण	यस वर्ष रु.			गतवर्ष रु.	
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	३८,३७,११,४३४.००	३६,३९,९३,१३८.५२	३६,३९,९३,१३८.५२	६,५६,८५,३०९.३५	६,५६,८५,३०९.३५
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	३८,१६,९१,८३४.००	३६,१८,२०,६३८.५२	३६,१८,२०,६३८.५२	५,६५,६८,२०१.३५	५,६५,६८,२०१.३५
११००० कर	७,८२,२७,८३४.००	७,९२,१६,६३८.५२	७,९२,१६,६३८.५२	५,६५,६८,२०१.३५	५,६५,६८,२०१.३५
१३००० अनुदान	२९,७७,०४,०००.००	२८,२६,०४,०००.००	२८,२६,०४,०००.००	०	०
संघीय सरकार	२८,३४,६७,०००.००	२६,८३,६७,०००.००	२६,८३,६७,०००.००	०	०
प्रदेश सरकार	१,४२,३७,०००.००	१,४२,३७,०००.००	१,४२,३७,०००.००	०	०
१४००० अन्य राजस्व	५७,६०,०००.००	०	०	०	०

ख. अन्य प्राप्ति	२०,१९,६००.००	२१,७२,५००.००	२१,७२,५००.००	९१,१७,१०८.००	९१,१७,१०८.००
वितरण गर्न बाकी राजस्व	०	०	०	०	०
कोषहरु	२०,१९,६००.००	०	०	१७,५५,५००.००	१७,५५,५००.००
धरौटी	०	२१,७२,५००.००	२१,७२,५००.००	७३,६१,६०८.००	७३,६१,६०८.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
भुक्तानी (ग+घ)	४७,४९,१०,९३४.००	३८,४४,२५,३९९.२४	३८,४४,२५,३९९.२४	३३,४९,८२,९१९.७३	३३,४९,८२,९१९.७३
ग. भुक्तानी (सञ्चित कोषबाट)	४७,२८,९१,३३४.००	३७,७०,३६,७२४.२०	३७,७०,३६,७२४.२०	३२,६६,४९,२०३.०४	३२,६६,४९,२०३.०४
२१००० पारिश्रमिक / सुविधा	३,५७,३३,७७८.१०	२,९२,०३,४३०.९३	२,९२,०३,४३०.९३	७,१५,४२,४९३.००	७,१५,४२,४९३.००
२२००० मालसामान तथा सेवाको उपयोग	१०,७२,१६,९२४.००	८,३२,२३,१९३.४८	८,३२,२३,१९३.४८	७,१९,२७,२०२.३९	७,१९,२७,२०२.३९
२५००० सहायता (Subsidy)	९,१९,७५,०००.००	८,४७,७१,३४७.८९	८,४७,७१,३४७.८९	३,२१,९९,४४०.००	३,२१,९९,४४०.००
२६००० अनुदान	०	०	०	१,७२,९६,४५०.००	१,७२,९६,४५०.००
२७००० सामाजिक सुरक्षा	१,१५,८३,०००.००	५२,१७,६६१.००	५२,१७,६६१.००	६७,२०,३११.००	६७,२०,३११.००
२८००० अन्य खर्च	४,२१,२७,६३१.९०	४,२०,९७,६३१.९०	४,२०,९७,६३१.९०	१२,२३,५४०.००	१२,२३,५४०.००

३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८,४२,५५,०००.००	१३,२५,२३,४५९.००	१३,२५,२३,४५९.००	१२,५७,३९,७६६.६५	१२,५७,३९,७६६.६५
घ. अन्य भूक्तानी	२०,१९,६००.००	७३,८८,६७५.०४	७३,८८,६७५.०४	३३,४९,८२,९१९.७३	३३,४९,८२,९१९.७३
कोषहरु	२०,१९,६००.००	१५,८०,८३८.००	१५,८०,८३८.००	२८,६८,०८८.००	२८,६८,०८८.००
धरौटी	०	५८,०७,८३७.०४	५८,०७,८३७.०४	५४,६५,६२८.६९	५४,६५,६२८.६९
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)	(९,११,९९,५००.००)	(२,०४,३२,२६०.७२)	(२,०४,३२,२६०.७२)	(२६,९२,९७,६१०.३८)	(२६,९२,९७,६१०.३८)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		८३,६५,४१०.०९	८३,६५,४१०.०९	२,४६,१६,१९४.३७	२,४६,१६,१९४.३७
वर्षान्तको बाकी रकम (ङ + च)	(९,११,९९,५००.००)	(१,२०,६६,८५०.६३)	(१,२०,६६,८५०.६३)	(२४,४६,८१,४१६.०१)	(२४,४६,८१,४१६.०१)
बैंक तथा नगद बाकी		(१,२०,६६,८५०.६३)	(१,२०,६६,८५०.६३)	७,६५,५४,६८३.९९	७,६५,५४,६८३.९९

४

कर्मचारी अन्य सुविधा

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाका कर्मचारीको सेवा सुविधा सम्बन्धी सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने र दफा ८६(२) मा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले कानून नबनाई यो वर्ष १४ जना कर्मचारीलाई गाउँसभाको निर्णय अनुसार खाइपाई आएको मासिक तलव स्केलको ५० प्रतिशत प्रोत्साहन भत्ता वापत रु. २६,१६,६६५।- तथा गाउँसभाको काम गरेवापत एक महिनाको ग्रेड सहितको तलब ८ जनालाई रु. २८२,५७३।- समेत रु. २८,९५,२३८।- भुक्तानी गरेको छ । यसरी कानून नबनाई सुविधा उपलब्ध गराएको रकमले थप व्ययभार सिर्जना गरेको छ ।

<table>
<tr>
<td>५</td>
<td></td>
<td></td>
<td>
अनुगमन भत्ता
मधेश प्रदेश सरकारद्वारा जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ८ मा पदाधिकारी तथा सदस्यले आफ्नो क्षेत्रभित्र स्थानीय तहले संचालन गरेका आयोजना वा कार्यक्रमको अनुगमन गरेवापत प्रति महिना बढीमा तीन पटकसम्मको अनुसूची बमोजिमको अनुगमन भत्ता पाउने व्यवस्था छ । गाउँपालिकाले गोश्वारा भौचर नं. २५४ तथा ३८४ बाट २०७८ श्रावण देखि चैत्र मसान्त सम्मको ऐनको व्यवस्था (बढीमा महिनामा ३ पटक) अनुसार अनुगमन भत्ता सबै जनप्रतिनिधिहरुलाई भुक्तानी गरीसकेकोमा निम्न गोश्वारा भौचरबाट निम्नानुसारका जनप्रतिनिधिहरुलाई पुनः अनुगमन भत्ता भुक्तानी गरेको तथा बाँकी महिनाको उपाध्यक्षको महिनाको ३ ओटा भन्दा बढी भुक्तानी गरेको छ । यसरी हुन गएको बढी भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><td>गो.भौ.नं.</td><td>पद, नाम</td><td>बढी भुक्तानी करबाहेक</td><td>कैफियत</td></tr>
<tr><td rowspan="3">५६८।०७९।३।२४</td><td>उपाध्यक्ष श्री ममता महतो</td><td>६१२००</td><td></td></tr>
<tr><td>का.सदस्य श्री विपिन मुखिया</td><td>५१०००</td><td></td></tr>
<tr><td>का.सदस्य श्री मानमति देवी</td><td>५१०००</td><td></td></tr>
<tr><td>४८६।०७९।३।१४</td><td>उपाध्यक्ष श्री ममता महतो</td><td>५१००</td><td>बैशाखमा ५ ओटा</td></tr>
<tr><td>५६०।०७९।३।२४</td><td>उपाध्यक्ष श्री ममता महतो</td><td>९१८०</td><td>जेठमा ७ ओटा</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७७४८०</td><td></td></tr>
</table>
</td>
<td></td>
<td>१७७,४८०</td>
</tr>
<tr>
<td>६</td>
<td></td>
<td></td>
<td>
पारिश्रमिक करः
आयकर ऐन, २०५८ को दफा ८ अनुसार कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तको रोजगारीको आय मानी गणना गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका कर्मचरीहरुको यस आर्थिक वर्षको पारिश्रमिक भुक्तानी गर्दा नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टा नगरी भुक्तानी गरेको छ । कट्टा नभएको पारिश्रमिक कर दाखिला हुनुपर्ने रु.
</td>
<td></td>
<td>१५,४५३</td>
</tr>
</table>

<table>
<tr>
<td></td><td></td><td></td>
<td>
<table>
<tr><td>सि.नं.</td><td>नाम</td><td>पद</td><td>कर योग्य आय</td><td>कर कट्टी हुनुपर्ने</td><td>कर कट्टी भएको</td><td>घटी कट्टी</td></tr>
<tr><td>१</td><td>शम्भु प्रसाद साह</td><td>शा.अ.</td><td>५६७१८६</td><td>१७९३७</td><td>५६७२</td><td>१२२६५</td></tr>
<tr><td>२</td><td>नगिना प्रसाद साह तेली</td><td>सब इ</td><td>४८५४२१</td><td>८०४२</td><td>४८५४</td><td>३१८८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१५४५३</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>७</td><td></td><td></td>
<td>
डोर हाजिरीमा कर्मचारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे र सरसफाईसम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न कर्मचारी डोर हाजिरीमा राखी वर्षभरीमा रु. ८६४,०००।- खर्च लेखेको छ । पालिकामा एक ओटा मात्र सवारी साधन रहेकोमा दुई जना चालक राखेको र प्रतिस्पर्धाको आधारमा सेवा करार नगरी डोर हाजिरीबाट यसी जनशक्ति नियूक्ती गरेको अनियमित देखिएको छ ।

<table>
<tr><td>कर्मचारीको नाम</td><td>पद</td></tr>
<tr><td>सुरेश गुरो थारु</td><td>ह.स.चा.</td></tr>
<tr><td>नागेन्द्र दास थारु</td><td>ह.स.चा.</td></tr>
<tr><td>अनिल गौरो थारु</td><td>हे.स.चा.</td></tr>
<tr><td>दिलिप कुमार महतो थारु</td><td>हे.स.चा.</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८</td><td></td><td></td>
<td>
कानूनी सल्लाहकार
मधेश प्रदेशअन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार।वकिल राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी
</td>
<td>१२०,०००</td>
</tr>
</table>

			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । गाउँपालिकाले कानूनी सल्लाहकारको रुपमा श्री अमय कुमार दासलाई नियुक्त गरी मासिक रु. १०,०००।- को दरले वर्षभरीमा हुने रु. १२०,०००।- भुक्तानी गरेको छ । निजले कार्यालयमा हाजिरी गर्ने गरेको छैन साथै कार्य प्रगति तथा विवरण पेश गरेको छैन । यसरी कार्यालयमा हाजिरी नै नगरी नियुक्त गर्न नहुने पदमा कर्मचारी नियुक्त गरी मासिक रुपमा तलब भुक्तानी गरेको तथा कार्य विवरण पेश नभएकोले नियमित नदेखिएको रु.	
९			**तलवी प्रतिवेदन** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी रु. ४८ लाख १८ हजार कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।	
१०			**मसलन्द खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु. २० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने तथा नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु. ५ लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था छ । उल्लेखित व्यवस्थाको पालना नगरी कार्यालयका लागि मसलन्द खरिद गर्दा टुक्रा-टुक्रा पारी फरक फरक आपूर्तकबाट दररेट माग गरेर तथा सोझै खरिद गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । भौ.नं./मिति — फर्म/सप्लायर्स — रकम ३६५।०७९।१।१५ — स्वस्तिक प्रेस — २०३४०० ५२३।०७९।३।२१ — रौनक ट्रेडर्स एण्ड जेनरल स्टोर्स — ४९८१४३ ५६५।०७९।३।२४ — समय ट्रेडर्स सप्लायर्स — ४९३७७६	

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६०५।०७९।३।२५</td><td>न्यू भवानी अफसेट प्रेस</td><td>२०००००</td></tr>
<tr><td>४०६।०७९।२।२४</td><td>शिव एण्ड कृष्णा इन्टरप्राइजेज</td><td>४९९६११</td></tr>
<tr><td>५७५।०७९।३।२४</td><td>समय ट्रेड सप्लायर्स</td><td>४९३७७६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३८८७०६</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>करार सेवा
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न १३ पदमा २९ जना कर्मचारी करारमा नियुक्त गरी वर्षभरीमा रु. ७२ लाख ३९ हजार खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>भ्रमण अभिलेख एवं प्रतिबेदन
भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने, नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने तथा नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पत्ता नपाउने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारी तथा पदाधिकारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बिल अनुसार रु. १७ लाख खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै प्रोत्साहन भत्ता पाउने कर्मचारी भ्रमणमा रहेको अवधिको प्रोत्साहन भत्ता कट्टी नगरी भुक्तानी गरेको छ । भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको तथा दोहोरो हुने गरी भत्ता उपलब्ध गराएको नियमित देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>विविध खर्च
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात</td><td></td></tr>
</table>

			संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रु. १४ लाख २७ हजार खर्च गरेको छ । विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश भएको गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।	
१४			**मर्मत सम्भार खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष सवारी साधन मर्मत शिर्षकबाट रु. ११ लाख ८० हजार तथा मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन शीर्षकबाट रु. १० लाख ८० हजार समेत रु. २२ लाख ६० हजार खर्च लेखेकोमा मर्मत आदेश संलग्न नगरेको तथा मर्मतबाट फिर्ता प्राप्त पार्टपूर्जा दाखिला गर्ने गरेको देखिएन। साथै मर्मत अभिलेख समेत राखेको छैन। कुन कुन मेशिनरी तथा सवारी साधन मर्मत गरेको हो यकिन गर्ने आधार देखिएन भने सम्बन्धित उपयोगकर्ताबाट मर्मत सम्पन्न भएको प्रमाणित गराई नराखेकोले मर्मत खर्चको पुष्टी हुनुपर्दछ ।	
१५			**इन्धन खर्चको मापदण्ड** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु. ३५ लाख ४८ हजार इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार नगरेको, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन साथै सवारी साधनको विवरण लेखापरीक्षणको क्रममा पेश भएन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ।	
१६			**गैर सरकारी संस्था मार्फत कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र	

			दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्नका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ। तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन।	
१७			**लघु उद्यम विकास कार्यक्रमः**	
१७.१			गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाका सीप विकास तालिम (बाख्रा पालन लगायतका) मा रु.१०४५५१४५.० खर्च गरेको छ। उक्त तालिमको लागि पालिकाले लागत अनुमान तयार नगरि बजेटलाई आधार बनाई तिनवटा प्रस्तावना लिई गैर सरकारी संस्था मार्फत तालिम संचालन गरेको देखियो। पालिकाले उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले प्रति सहभागी लागतको आधारमा रु.५४५१४५.० भुक्तानी गरेको अनियमित भएको रु...	५४५,१४५
१७.२			प्रविधि हस्तान्तरण- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको	१०१,०६५

			सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। निर्देशिका अनुसार पालिकाबाट रु.५१२०००.० को प्रविधि हस्तान्तरण भएकोमा ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम रु.१०१०६५.० सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु...	
१७.३			पालिकाले प्रविधि हस्तान्तरण बापत रु.५१२०००.० को उन्नत जातको जमुनापारी बाखा ४१ वटा खरिद गरि लघु उद्यमीलाई प्रविधि हस्तान्तरण गरेको देखियो। उक्त बाखाहरुको पशु चिकित्सकबाट भेटेनरी प्रमाणित नभएकोले खरिद गरेका बाखाहरु स्वस्थ्य तथा गुणस्तरयुक्त रहेका थिए भन्न सक्ने अवस्था भएन। बाखा प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त बाखाहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने अवस्था छैन। साथै पालिकाले उक्त बाखाहरुको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।	
१८			**विद्युत महशुलमा जरिवानाः** गाउँपालिकाले विद्युत प्राधिकरणलाई समयमा नै बिलको रकम भूक्तानी गरी छुट लिनु पर्नेमा गो.भौ.नं. २४।०७८।७।११ बाट भाद्र महिनाको बिलमा रु. ९६९१।- थप दस्तुर (जरीवाना) खर्च लेखेको अनियमित देखिएको रु.	९,६९१
१९			**सामाजिक सुरक्षा कार्यक्रमः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ५ वटा वडाका वर्षभरीको १ वटा बैंक मार्फत लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न जम्मा रु ६४३५७५८४ निकासा दिएको छ। यस आ.व.मा नयाँ थप २४४ र १७९ लगत कट्टा गरी कायम लाभग्राही संख्या १८५५ जना रहेको पाईयो। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
१९.१			पारदर्शिताः- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । पालिका बाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन।	

<table>
<tr><td>१९.२</td><td></td><td></td><td>अनुगमन तथा सुपरिवेक्षणः- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि 2075 को दफा 25 मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-13 बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। त्यसैगरी दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। त्यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>ठेक्का मिलेमतो

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ६२ (च) वमोजिम वोलपत्रदाताहरु वा प्रस्तावकहरुवीच कृतिम वा अप्रतिस्पर्धि तरिकाले काम गर्ने, वोलपत्र पेश गर्नु अघि वा पछि मिलेमतो वा गुटवन्दिमा संलग्न हुन नपाउने व्यवस्था छ । यसरी गुटवन्दी वा मिलेमतो भएमा ६३ (क) वमोजिम कार्यालयले मिलेमतो हो होइन एकिन गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिका अन्तर्गत यस वर्ष भएका निम्नानुसारका वोलपत्रमा खरिद कार्यमा लागत अनुमानको तुलनामा २.१ देखि २.६१ प्रतिशत सम्म मात्रै न्यून भइ ठेक्का सकार गरेको छ । ऐनको दफा ६९ र नियमावलीको नियम १४६ वमोजिम विद्युतीय सञ्चार माध्यमवावट इ-विडिङ्ग समेत गरेको छैन ।

<table>
<tr><td>खरिद कार्य</td><td>लागत अनुमान</td><td>कबोल अंक</td><td>न्यून प्रतिशत</td><td>प्रकृया</td></tr>
<tr><td>फरढवा गाँउपालिकाको मूलवाटो ढलान</td><td>३००००००</td><td>२८४८८९०</td><td>२.१</td><td>Hard Copy</td></tr>
<tr><td>अधुरो स्वास्थ चौकि भवन</td><td>८३ लाख</td><td>७८४००००</td><td>२.६१</td><td>Hard Copy</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कोटेशन मार्फल टुक्रे खरिद
सार्वजनिक खरिद ऐन. २०७३ को दफा ५ मा सार्वजनिक निकायले १ लाख भन्दा वढिको खरिद कार्य गर्दा टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यवस्था छ । यस गाँउपालिकाले विभिन्न टुक्रे कार्यक्रम जम्मा रु ३ करोड ७० लाख ७५ हजार ५०५ को कोटेशनको माध्यमवाट खरिद गरेको छ । कामको प्रकृति मिल्ने कार्यहरुमा प्रतिस्पर्धा कायम हुने गरी कार्यको एकीकृत प्याकेज तयार गरी</td><td></td></tr>
</table>

			सिलबन्दि दरभाउपत्र वा वोलपत्रको माध्यमवाट खरिद गर्दा मितव्ययिता र प्रतिस्पर्धा कायम गर्न सकिने स्थिति रहदा रहदै पटक पटक टुक्रा खरिद गरेको कार्य अनियमित देखिएको छ ।	
२२			**मू.अ.करमा दर्ता नभएकोसँग खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले रु. २० हजार बढीको खरिद कार्य गर्दा मु.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीवाट खरिद गर्नुपर्ने व्यावस्था छ । नगरपालिकाले उल्लेखित नियमको पालना नगरी निम्न मू.अ.करमा दर्ता नभएको संस्थाबाट मालसामान खरिद तथा विभिन्न काम वापत वर्षभरीमा गरी रु. ४९४,८४२।- भुक्तानी गरको छ । उक्त खर्च नियमित नदेखिएको रु. <table><tr><td>फर्मको नाम</td><td>रकम</td></tr><tr><td>चौरसिया पुस्तक भण्डार</td><td>१३३२२०</td></tr><tr><td>अभिराज ट्रेड एण्ड सप्लायर्स</td><td>१७०८२८</td></tr><tr><td>कालिका टाईम्स प्रा.लि</td><td>१९०७९४</td></tr><tr><td>जम्मा</td><td>४९४८४२</td></tr></table>	४९४,८४२
२३			**सामाजिक परीक्षण, सुनुवाई र जाँचपास** सार्वजनिक खरिद नियमावली, २०७४ को निमय ९७ वमोजिम उपभोत्ता समिति वा लाभग्राही समुदायवाट कार्य गराउदा नियम ९७(६) वमोजिम उपभोत्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको प्राविधिक मुल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोत्ता समिति वा समुदायको वैठकमा पेश गर्न लगाई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ९७(७) वमोजिम उपभोत्ता समितिले प्रत्येक किस्ताको खर्चको सुचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफुले गरेको कामको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । नियम ९७ (११) वमोजिम निर्माण कार्य सम्पन्न भएपछि सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिकवाट त्यस्तो कार्यको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितावाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्च विवरण सहित सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । यस कार्यलयले उपभोत्ता समितिवाट गराएका अधिकाँस कार्यहरुमा ति प्रावधानको पालना भएको देखिएको छैन । यी मध्ये केहि उदाहरणहरु निम्नानुसार रहेका छन् ।	

			<table><tr><td>गौ.भौ.नं./मिति</td><td>योजना/कार्यक्रम</td><td>भुक्तानी रकम</td></tr><tr><td>३२/२०७९।३।२५</td><td>एकीकृत वस्ती अधुरो भवन निर्माण</td><td>३०००००0</td></tr><tr><td>२२७/२०७९।३।१९</td><td>रोजगार कार्यक्रम सामाग्री-वृक्षरोपण</td><td>४९९२००</td></tr><tr><td>२४७/२०७९।३।२४</td><td>नँया उद्यमी उपयुत्त प्रविधि हस्तान्तरण</td><td>२०००००</td></tr><tr><td>२५७/२०७९।३।२५</td><td>नेकमहदको घरदेखि नजुमुट्टिनको घरसम्म सडक ढलान</td><td>१०२७१०५</td></tr><tr><td>२६२/२०७९।३।२५</td><td>बेल्हा थारु सदनमा चर्पि निर्माण</td><td>१००००००</td></tr><tr><td>२७७/२०७९।२।२५</td><td>गांपा अन्तर्गतका प्रमुख सडक मर्मत</td><td>४००००००</td></tr><tr><td>१०१/२०७८।११।३०</td><td>केदारनाथ अधुरो धर्मशाला निर्माण</td><td>१००००००</td></tr><tr><td>११३/२०७८।११।३०</td><td>सानो सुगौली मुलवाटो ढलान</td><td>१४५५३६०</td></tr><tr><td>४८/२०७८।११।३</td><td>लढमिरोलमा बाटो ढलान</td><td>१५०००००</td></tr><tr><td>५१/२०७८।११।०३</td><td>श्री मायानाथ टोलमा मुलवाटो ढलान</td><td>२००००००</td></tr></table>	
२४			**चापाकल खरिद** गाँउपालिका भित्रको वासिन्दालाई खानेपालनी तथा सिचांई सुविधा उपलब्ध गराउन चापाकल खरिद तथा वितरण गरी १ करोड ३२ लाख ६५ हजार ३४ भुत्तानी गरेको छ । चापाकल वितरण कार्यलाई प्राथकिताका आधारित बनाउन सीमान्तकृत, विपन्न र खानेपानी र सिंचानई सुविधामाट वञ्चित समुदायको पहिचान गरी कार्यक्रम संचालन गरेको देखिएन । चापाकल यस गाँउपालिकावाट संचालित वजेट र योजना अनुसार वितरण खरिद भएका हुन भन्ने संकेत वा निस्सा अभिलेख राखेको पाइएन । पूर्वाधार विकास कार्यालय, संघीय कार्यक्रम, प्रदेश कार्यक्रम र प्रत्येक वर्ष गाँउपालिका वाट समेत यहि कार्यक्रम दोहोरिने हुँदा गाँउपालिकाले प्रत्येक वर्ष चापाकल कार्यमा कति लगानी गऱ्यो भन्ने एकीन गरी पुष्टि हुने आधार देखिदैन । यसरी कार्यमा दोहोरो पर्न सक्ने सभांवना रहेको कार्यहरुलाई जिपियस पद्धतिवाट स्थान एकिन गरेर, कार्यालयवाट खरिद जडान भएको प्रमाण एकिन गरेर कार्य गर्नुपर्दछ । पूँजिगत र चालु	१३,२६५,०४३

<table>
<tr><td></td><td></td><td></td><td>शिर्षकवाट समेत खरिद वितरण भएको कार्य रु १ करोड ३२ लाख ६५ हजार ३४ को प्रतिस्पर्धा गराई थप मितव्यहि तवरले संचालन गर्न सकिने सो प्रकृया नअपनाएको देखिएको रु</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>चापाकल खरिद
सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद निर्माण प्रक्रिया संचालन गर्न स्वीकृत नर्सश, ड्रइङ डिजाइनको आधारमा कार्य संचालन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत निम्न गो.भौ.नं मितिमा बाटोमा माटो पुरी ग्राबेल गर्ने कार्य सम्पादन गर्दा सडक सम्याउन कतै ६ इन्च देखि ३० इन्च सम्मको माटो पुरी सम्याउने कार्यको क्रस सेक्सन ड्रइङ तयार गरी प्रमाणित गरि कार्य गर्नुपर्नेमा क्रस सेक्सन ड्रइङ बेगर माटो पुर्ने सम्याउने स ग्राबेल गर्ने कार्य गरेको छ । ड्रइङ स्वीकृत नगरी कार्य गराउदा भएको कार्य सही र यथार्थ हो होइन भन्ने स्पष्ट नभएकोले ड्रइङ स्वीकृत गराई निर्माण गर्नुपर्ने रु
<table>
<tr><td>भौ.न/मिति</td><td>योजना</td><td>रकम</td></tr>
<tr><td>२७७/२०७९।३।२५</td><td>गापा अन्तर्गतका प्रमुख सडक मर्मत</td><td>४००००००</td></tr>
<tr><td>१७५/२०७८।११।३०</td><td>नरेश साहको घरदेखि पूर्व माटो पुरी ग्रावेल</td><td>५०००००</td></tr>
<tr><td></td><td>महेश ओझाको घरदेखि पिपल रुख सम्म ग्रावेल</td><td>३०००००</td></tr>
<tr><td></td><td>रंगपुरको मनकामना टोलमा ग्रावेल</td><td>५०००००</td></tr>
<tr><td></td><td>पूर्व देकुलीको चोकदेखि दक्षिण जाने वाटोमा माटो पुरी ग्रावेल</td><td>४८००००</td></tr>
<tr><td></td><td>वैजनाथपुर चोक देखि सोनवर्ष चोक सम्म ग्रावेल</td><td>४८१०००</td></tr>
<tr><td></td><td></td><td>६२६१०००</td></tr>
</table></td><td>६,२६१,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>दररेट फरक पारी भुत्तानी
कार्यालयले सडक संरचना सम्वन्धी कार्यहरु कालोपत्रे, ढलान, ग्रावेल लगायतका कार्यहरु सम्पादन गर्दा सडक विभागले तय गरेको नर्मशको आधारमा दर विश्लेषण कायम गरी खरिद कार्य गर्नुपर्नेमा डोलिडारको नर्मशको आधारमा खरिद कार्य गरेको देखियो ।</td><td>४,२९३,११९</td></tr>
</table>

			डोलिडारको हाल अस्तित्व समाप्त भएको र सडक संरचनाहरुको लागि सडक विभागको नर्मश नै प्रयोग गर्दा कार्यमा एकरुपता तथा मितव्ययिता समेत हुने भएकोले डोलिडारको सट्टा सडक विभागको नर्मश प्रयोग गर्नुपर्छ । डोलिडार नर्मश प्रयोग गर्दा यस कार्यालयले सडक विभागको नर्मश भन्दा वढी हुने गरी PCC for RCC 1:2:4 मा निर्माण व्यवसायिवाट कार्य गराउदा २४४० घ.मी. को दर १०१०० हुनेमा ११९८२।६३ को आधारमा कार्य लागत/ लागत अनुमान तयार गराउदा रु २६ लाख ४१ हजार ८६१ र उपभोक्ता मार्फत १६३६ घ.मी.को कार्य ९३८१ प्रति.मी. हुनेमा १०३८९।७१ को आधारमा कार्य गराउदा १६ लाख ५१ हजार २५८ उपभोक्तावाट समेत गरी रु ४२९३११९। ले थप व्ययभार परेको रु	
२७	८८	२०७८-११-२५	**शीर्षक फरक** बजेट र कार्यक्रमको सिमान्त र वर्गिकरण अनुसार भुक्तानी गर्नुपर्दछ । भौ.नं ८८/२०७८।११।२५ भिटवारी हजाराको सांगितिक मण्डलिलाई साउण्ड सर्विस खरिद गरी अलिसा एण्ड अरुण इम्पेक्ससलाई रु १९८९०२ भुक्तानी खर्च लेखेकोमा चालुवाट व्यहोर्ने रकम पुँजिगत वाट खर्च लेखेकोले अनियमित रु	१९८,९०२
२८			**अन्यत्र कार्यालयको खर्च** गाँउपालिकाले आफ्नो इलाका भित्रको विकास निर्माण र सेवा प्रवाहको लागि मात्रै नीति, योजना र कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्दछ । प्रहरी कार्यलयले खर्चको लागि आफ्नो योजना, वजेट र कार्यक्रम अनुसार खर्च हुने गर्दछ । यस वर्ष रङ्गापुर प्रहरी कार्यलयको अधुरो चौकि निर्माण गर्न खर्च लेखेकोमा नियम सम्मत नभएको रु	५००,०००
२९			**वढि मुल्य** Lenovo-9 deo pad-3, Laptop, Amd Ryzons 5500 4 series Graphis, 8 GB memory, 512 SSD Storage को वजार मुल्य ६५००० पर्नेमा रु १३०००० खर्च लेखेकोले वढि भएको रकम असुल उपर गर्नुपर्ने रु	६५,०००
३०	79	२०७८-११-१६	**फर्निचर खरिद** वडा नं ३ को सबै विद्यालयको लागि फर्निचर खरिद कार्यको लागि दुधश्वेर महादेव मल्टिप्रपोज प्रा.लि लाई रु १९७९७६।०० भुक्तानी भएकोमा फर्निचर सम्वन्धित विद्यालयहरुमा हस्तान्तरण गरेको प्रमाण पेश नभएको रु	१९७,९७६
३१			**बजेट अवण्डा** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ २(क) अनुसार स्थानिय स्तरका विषयगत नीति, रणनीति, योजना, कार्यक्रम र	

<table>
<tr><td></td><td></td><td></td><td>बजेट स्वीकृति सम्बन्धी कार्य तोकिएको समयमा गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले आर्थिक वर्षको शुरुमै योजनागत रुपमा बिनियोजन गरी सभावाट अनुमोदित गराई योजना पारदर्शी रुपमा रातो कितावमा कायम गर्नुपर्दछ । योजनाको रुमा कायम नगरी अवण्डा रकम एकमुष्ट १ करोड ८१ लाख कायम गरेको र पछि सो रकम मध्यवाट पटक पटक योजना वनाउदै अनुमोदित गरेको देखियो । यसरी आर्थीकि वर्षको शुरुमै योजना वाँडफाड नगरी एकमुष्ट राख्नाले प्रतिनिधिमुलक गाँउसभाले छनौट, पास र उत्तरदायि भएको योजना आउन नसक्ने र केहि पदाधिकारीको तजविजि अधिकार कायम गर्ने परिपाटि मौलाउने हुनाले उत्तरदायि योजना प्रणाली कायम गरी बजेट तथा योजना प्रणालीमा पारदर्शीता कायम गर्नुपर्ने देखिको रु १८१००००००</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>समपुरक प्रदेश
२७३/२०७९।३।८५ समपुरक रकम विनियोजन गर्न वार्षिक योजना छनौट गरी राष्ट्रिय योजना आयोगवाट स्वीकृती भएपछि प्रतिस्पर्धात्मक माध्यमवाट कार्य गराउने गरी योजना कार्यान्वयन गर्नुपर्नेमा वडा नं.-२ को मनकामना टोलमा वाटो ढलान कार्य उभोक्ता समिति मार्फत कार्य गराएकोमा प्रतिस्पर्धात्मक माध्यमवाट कार्य गरेको नदेखिएकोले नियम सम्मत नभएको रु</td><td>४,०००,०००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>अनगमन प्रतिवेदन पेश नभएको
समुदायमा कृषकलाई अनुदान मार्फत व्यवसागसक र उद्यमशिलता तर्फ लागउने कार्यक्रम अन्तर्गत सामुदायिक समुह गठन गरी समुह वा सहकारीको निर्णय र सुनुवाईको आधारमा सामुहिक हितमा केन्द्रित हुने तवरले कार्यक्रम संचालन गर्नुपर्दछ निम्नानुसार सामुहिक कृषक जागरण कार्यक्रम र व्यवसाहिकता मार्फत कृषि प्रणाली कार्यान्वयन गर्न कार्यक्रम संचालन भएकोमा समुहलाई नभई व्यत्तिलाई अनुदान दिने मापदण्ड नभएको, व्यत्तिलाई वितरण भएको सामाग्री सामुहिक प्रयोजनको लागि उपयोग भएको/नभएको, वितरण अनुदान भएको सामानको पहिचान, ट्याग वा लोगो र सो को संरक्षण गर्ने तरिका स्पष्ट नभएको सामानको उपयोग, सो को सामुहिक प्रयोग, उप्पादकत्वको स्थितिको अनुगमन पेश नभएको रु
<table>
<tr><th>गौ.भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>२२६/२०७९।३।१९</td><td>७५ प्रतिशत वोयर जात प्रत्येक वडामा</td><td>७०००००</td></tr>
<tr><td>२४७/२०७९।३।२४</td><td>जमुना पारी क्रस पाठि ७५ प्रतिशत</td><td>२०००००</td></tr>
<tr><td>२४९/२०७९।३।१४</td><td>पुराना उद्यमी स्तरोन्नति वंगर वितरण</td><td>६००००</td></tr>
</table></td><td>९६०,०००</td></tr>
</table>

			जम्मा ९६००००	
३४			**असुल गर्न वाकी आन्तरिक आय** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ बमोजिम गाउँपालिकामा संकलित आय दैनिक रुपमा तथा त्यसको भोलिपल्ट राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।साथै यसै नियमको उपनियम (६) अनुसार कार्यालयमा नगद वा बैंक भौचरका रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । यस पालिका वडा न २ वाट संकलित सेवा तथा दस्तुर आम्दानी खातामा दाखिला गर्न वाकी रु १७२७९ असुल उपर हुनुपर्ने रु	१७,२७९
३५			**राजस्व क्षमता** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को अनुसुचि ३ मा स्थानिय तहले सम्पत्ति कर, व्यवसाय कर लगायतका ८ वटा कर र सेवा शुल्क, पर्यटन शुल्क, जरीवाना गैर कर लगाउन सक्ने राजस्व अधिकारको व्यवस्था गरेको छ । यस गाँउपालिकाले सम्पत्ति कर, व्यवसाय कर लगायत आफ्नो क्षेत्राधिकार भित्र पर्ने करलाई आयको दायरामा ल्याउन सकेको देखिदैन । त्यसैगरी आयका अन्य स्रोतहरु जस्तैः सार्वजनिक पोखरी को समेत अभिलेख तयार नभएको र आय ठेक्कामा नलागेको अवस्था छ । यसर्थ पालिकामा रहेका करदाताको सम्पत्ति, व्यवसायको विवरण संकल गरी करको दायरामा ल्याउन आवस्यक व्यवस्था, सम्वद्व पक्षसंग समन्वय सहकार्य गर्नुपर्ने, आयको स्रोतको अभिलेख तयार गरी परिचालन गर्नुपर्ने, पालिका र वडा वाट संकलन हुने शुल्क एंव राजस्वलाई व्यवस्थित गर्न विद्युतिय प्रणालिमा आवद्व गर्दै गुणस्तरीय र प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक स्रोत जुटाउन पालिकाले राजस्वको क्षमता अभिवृद्दि गर्नुपर्ने देखिन्छ ।	
३६			**आन्तरिक राजस्व** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ बमोजिम गाउँपालिकामा संकलित आय दैनिक रुपमा तथा त्यसको भोलिपल्ट राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।साथै यसै नियमको उपनियम (६) अनुसार कार्यालयमा नगद वा बैंक भौचरका रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आन्तरिक आय तथा राजस्व सम्बन्धि देहाय कुनै प्रकारको विवरण नराखिएको देखिन्छ ।	

			• लगती राजस्व र हसबली राजस्वको विवरण नराखिएको । • रसिद नियन्त्रण खाता व्यवस्थित ढंगले नराखिएको, • नगद प्राप्त हुँदा काटिएको प्रत्येक आम्दानी रसिद म.ले.प.फा.नं. १०८ (क) र (ख) खातामा प्रविष्टि गरीएको छैन, • राजस्वको बार्षिक आर्थिक विवरण (म.ले.प.फा.नं. १९३) मा लगत असुल, दाखिला र बाँकी देखाएको छैन । • राजस्व सम्वन्धि मासिक प्रतिवेदन तयार गरेको छैन । माथि व्यहोरा अनुसार तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ र ६१ बमोजिम राजस्वको अभिलेख अद्यावधिक गरि सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाको लेखापीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुलि तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरेको छैन । नगदमा प्राप्ति रकम सोको भोलिप्ट वा तोकिएको अवधि भित्र राजस्व खातामा बैक दाखिला गर्ने गरेको छैन । यसबाट राजस्व असुलीर दाखिता एकिन हुन सकेन । वर्तमान पालिकाबाट समेत यसमा विशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेख तथा परिचालन गर्नुपर्दछ ।	
३७			**तलवी प्रतिवेदनः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ ख२ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ। यस पालिका अर्न्तगत स्वास्थ्यतर्फ कार्यरत ३७ जना कर्मचारीका लागि तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु.१२५०२०००.० भुक्ता दिएको छ। तलबी प्रतिवेदन पारित नगराई खर्च लेखेको देखिएको हुँदा बढी ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन। अतः तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ।	

३८			**गाउँघर क्लिनिक कार्यक्रमः** स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्यासम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन-२०७८ मा मातृ तथा नवशिशु कार्यक्रमअन्तरगत मासिक रुपमा गाउँघर क्लिनिक र नियमित खोप संचालन कार्यक्रममा स्वास्थ्यकर्मीहरु मासिक न्यूनतम १५ दिन फिल्डमा गएर कार्य गर्नुपर्ने व्यवस्था रहेको छ। सो कार्यबापत ४ जना स्वास्थ्यकर्मीलाई मासिक भत्ताबापत रु.६४८००.० भुक्तानी दिएकोमा निजहरुले फिल्डमा गएर कार्य गरेको फिल्ड हाजिरी पेश नभएकोले कति दिन फिल्डमा गएर काम गरेको नखुलेकोले फिल्ड हाजिरी पेश हुनुपर्ने रु.....		६४,८००
३९			**न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ बर्थिङ सेन्टरमा गत वर्ष ४४४ थानको रु.३९८२६२.० र यस वर्ष ४०० थान को रु.३५८४३६.० खरिद गरेकोमा गत वर्ष ३७७ जना र यस वर्ष ३४९ जना समेत ७२६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ११८ थान न्यानो झोला मौज्दातमा रहेका छन्। जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थः माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।		
४०			**औषधि खरिद** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी मेडिसेल्स मेडिको फर्मा भक्तपुरलाई रु.१४९९६२०.० भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद		

			गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।	
४१			**कोभिड-१९ जोखिम भत्ताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। पालिकाले देहायका कर्मचारीलाई कोभिड-१९ जोखिम भत्ता भनि भौ.न.२९-०७८।९।२० बाट रु.७११७२०.० खर्च लेखेको देखियो। आ.व.७८।७९ मा कोभिड–-१९ को माहामारी नरहेको, निजहरु उक्त कार्यमा खटिएको नै हो भन्ने थप प्रमाण (निजहरुको हाजिरी तथा अतिरिक्त कार्य गरेको कार्य तालिका आदि) समेत पेश नगरि उक्त भत्ता भुक्तानी दिएको देखियो। यसरी महामारीको प्रकोप नरहेको समयमा समेत प्रमाणवेगर कोभिड-१९ जोखिम भत्ताबापात भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानीलाई पुष्ठाई गर्ने प्रमाण पेश गर्नुपर्ने रु....	६०४,९६५

क्र.स.	**कर्मचारीको नाम**	**भुक्तानी रकम (कर बाहेक)**
१	प्र.प्र.अ.सन्देश कुमार यादव	९१८००
२	स्वा.संयोजक भुजेन्द्र प्रसाद यादव	१८३६००
३	सि.अ.हे.अ.व.जगन्नाथ साह	१८३६००
४	सोनु कुमार सोनी	१४५९६५
	जम्मा	**६०४९६२**

४२			**दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. ७ मा उल्लेख गरे अनुसार दिवा खाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी	

			दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या एकिन गरी निकासा दिने उल्लेख छ। पालिकाले २४ वटा विद्यालयलाई १४३ दिनको लागि रु.११२२८२८३.० निकासा गरेको छ। दिवा खाजा संचालन भएका विद्यालयहरु विद्यार्थीको हाजिरिको प्रमाणित प्रतिलिपि र विलभरपाई पेश गरेका छैनन् जसले गर्दा वास्तविक विद्यार्थी संख्या एकिन गर्न सकिएन। विद्यालयले विद्यार्थीको हाजीरीको प्रमाणित प्रतिलिपि तथा विल भरपाई पेश नगरेकोले दिवा खाजा बापत निकासा भएको रकम बढि निकासा भएको छैन भन्न सक्ने अवस्था छैन। अतः प्रत्येक विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग ।EMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गरी विल भरपाई पेश गर्नुपर्दछ।	
४३			**सिकाई सुदृढीकरणका लागि प्रोत्साहन अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ को ९.३ मा उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान अन्तरगत पालिका रहेका सामुदायिक विद्यालयमध्ये १ वटा उत्कृष्ट विद्यालयलाई प्रस्तावना पेश गर्न लगाई सोही आधारमा एकमुष्ठ रु.२ लाख प्रोत्साहन स्वरुप अनुदान रकम दिने सकिने व्यवस्था रहेको छ। तर पालिकाले प्रस्तावना माग नगरि पालिकाका दुई विद्यालय ने.रा.मा.वि.रंगपुर र ने.रा.मा.वि. निचुटालाई रु.२ लाखको दरले रु.४ लाख रकम निकासा गरेकोले प्रस्तावना वेगर रु.२ लाख बढी निकासा गरेकोले सम्बन्धितलाई जिम्मेवार बनाई उक्त रकम असूल/फिर्ता गरी संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु....	२००,०००
४४	१३७	२०७९-३-२२	**परिक्षा पत्र छपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्न व्यवस्था रहेको छ। पालिकाले भौ.न.१३७-०७९।३।२२ बाट कक्षा १-६ को परिक्षा पत्र छपाई बापत गोपाल साह रौनियारलाई रु.८५०००.० भुक्तानी भएको देखियो। उक्त रकम गा.पा.चालू खर्च शिर्षकबाट भुक्तानी हुनुपर्नेमा कक्षा ८ को परिक्षा व्यवस्थापन शर्सत खर्च शिर्षकबाट भुक्तानी भएकोले उक्त रकम गा.पा.चालुबाट शोधभर्ना हुनुपर्ने रु....	८५,०००
४५			**शिक्षक तलबः-** यस पालिका अन्तर्गत रहेका २४ वटा विद्यालयका शिक्षक कर्मचारीलाई तलव भत्ता रु.५१०६४०००.० निकासा गरेको छ। शिक्षक कर्मचारीलाई तलव भत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवी	

			प्रतिवेदन पारित नगराइ विद्यालयहरुलाई शिक्षकहरुको तलब वापत निकासा दिएको पाइयो। यस आर्थिक वर्षमा पालिका अन्तर्गत विद्यालयमा कार्यरत शिक्षकको दरबन्दी तेरिज, शिक्षक अवकास, सरुवा र मृत्यूको विवरण प्राप्त हुन सकेन। जसबाट वास्तविक हुने भन्दा बढी निकासा दिएको छैन भनी एकिन गर्न सकिएन। तलबी प्रतिवेदन पारित गराएर, अवकाश शिक्षक, सरुवा र मृत्यूको अभिलेख अद्यावधिक गरेरमात्र तलब निकासा दिनुपर्दछ।	
४६			**शिक्षकको अभिलेखः-** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।	
४७			**विद्यालयगत निकासा खाताः** विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।	

४८			**परम्परागत विद्यालय वैकल्पिक सिकाई केन्द्र अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप न.६.१ मा स्थानिय तहमा कक्षा १-५ सञ्चालित परम्परागत विद्यालयलाई अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालनको लागि बार्षिक रु.2 लाख ४१ हजार मागका आधारमा एकमुष्ट अनुदान दिने त्यस्तै सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदानबापत रु.१ लाख मागका आधारमा अनुदान दिने र सोको उचित सदुपयोग भए नभएको स्थानीय तहबाट निरन्तर अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ। पालिकाले १ वटा मदर्शालाई अनुदान रु.२४१०००.० निकासा गरेकोमा सो रकमको सहि सदुपयोग भए नभएको अनुगमन प्रतिवेदन पेश गरेको छैन। पालिकाले निरन्तर अनुमगन गरि सोको सहि सदुपयोग भए नभएको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु....	२४१,०००
४९			**छात्रावृत्ति अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१.मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.१४४७२००.० निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ ।	
५०			**नेट जडानः** पालिका अन्तर्गतका ७ विद्यालयहरुलाई निःशुल्क नेट जडान कार्यको लागि प्रति विद्यालय रु.१२०००.० का दरले रु.८४०००.० निकासा दिएको देखियो। विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा विद्यालयले नेट संचालन भए नभएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। तर सो सम्बन्धमा अनुगमन प्रतिवेदन पेश नभएकोले विद्यालयमा अनुगमन गरी अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।	
५१			**स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२१७ जना रहेका	

			छन। पालिकाले छात्राहरुको संख्यालाई आधार मानि आवश्यकता र लागत अनुमान तयार नगरी गायत्री ट्रेर्ड सप्लार्यस विरगंजबाट १३३०० थान स्यानिटरी प्याड रु.८५१२४२.० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।	
५२			**निःशुल्क पाठ्यपुस्तकः-**	
५२.१			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका २४ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७० प्रतिशत रकम रु.२६६४३४१.० जेष्ठ मसान्तमा मात्र निकासा गरेको पाइयो। उक्त ७० प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरि थप बाकी रकम रु.४९२६५९.० निकासा गरेको पाईयो। पालिकाले हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.३१५७०००.० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।	
५२.२			पालिकाले देहायका विद्यालयलाई निःशुल्क पाठ्यपुस्तक को अनुदान रकम शतप्रतिशत भन्दा बढी रु.७८६५१.० निकासा भएकोले निकासा गर्नेलाई जिम्मेवार बनाई सम्बन्धित विद्यालयबाट असूल/फिर्ता गरि संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु...	७८,६५१

क.स.	विद्यालयको नाम	निकासा भएको रकम	निकासा (१००%) हुनुपर्ने रकम	बढी निकासा रकम
१	श्री ने.रा. मा.वि.सुगौली दा.प.	५३२१७३	४८७५८५	४४५८८

२	श्री ने.रा.आ.वि.मनिहर्वा	९८६५७	८३३८२	१५२७५
३	श्री ने.रा.आ.वि.विश्रामपुरटोल गादी	५६९७५	५२३७०	४६०५
४	श्री ने.रा.आ.वि.रामभौरी भाठा	८०४९८	७७७९५	२७०३
५	श्री ने.रा.आ.वि.थरकट्टी चापी	५१२७६	४८३४७	२९२९
६	श्री गादीमाई आ.वि. पश्चिम देकुली	६३४०१	६०१९२	३२०९
७	श्री ने.रा.आ.वि.पूर्व देकूली	४८६८३	४३३४१	५३४२
			जम्मा	७८६५१

५३

स्रेस्ता पेश नभएकोः

लेखापरिक्षण कार्यको लागि देहायका भौ.न.का स्रेस्ताहरु पेश नभएकोले व्यवस्थित रुपमा स्रेस्ता राखि लेखापरीक्षणमा पेश नगर्नेलाई जिम्मेवार बनाई उक्त खर्चको स्रेस्ता पेश हुनुपर्ने रु..

भौ.न./मिति	व्यहोरा	रकम
१६२-०७९।३।२४	पकेट विकास कार्यक्रम संचालनबापत खर्च	३७२०५५
१६९-०७९।३।२५	पोषण संवेदनशील कार्यक्रम बापत खर्च	७५७८००
४०-०७८।१०।१८	स्वास्थ्यकर्मीहरुको नाईट भत्ता बापत भुक्तानी	५४७५०
	जम्मा	११८४६०५

१,१८४,६०५

५४

खर्चको पुष्ट्याईः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच

११९,०००

गरी भुक्तानी दिने व्यवस्था गरेको छ। तर पालिकाले देहायका भौ.न. बाट खर्चको भुक्तानी गर्दा खर्चलाई पुष्टि गर्ने प्रमाण कागजात तथा विलभरपाई वेगर खर्च लेखेकोले खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु..........

भौ.नं./ मिति	भुक्तानी पाउने	प्रयोजन	नपुग कागजात	भुक्तानी रकम
१७९-०७९।३।३२	पशु सेवा प्राविधिक रमेश चौधरी	कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम	तथ्याँक संकलनको प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश गर्नुपर्ने	१०००००
१७२-०७९।३।३१	स्वास्थ्य शाखा प्रमुख जगन्नाथ साह	पोषण संवेदनशील कार्यक्रम	अनुगमन बापत २ जनालाई रु.१४००.० का दरले भुक्तानी भएकोमा अनुगमन प्रतवेदन पेश नभएको	१४०००
१६८-०७९।३।२५	फिल्ड सहायक सोनम चौधरी	प्रयोजन नखुलेको	स्रेस्तासाथ पेश भएको भरपाई रु.५०००.० रहेको तर के बापत भुक्तानी भएको हो सो नखुलेको उक्त रकम भुक्तानीको पुष्टाई हुनुपर्ने	५०००.
			जम्मा	११९०००

५५ **बढी भुक्तानीः** ३२,३६०

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। देहायका भौ.न.बाट विल भरपाई भन्दा बढी खर्च लेखि बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु..

भौ.न./मिति	व्यहोरा	भुक्तानी भएको	स्रेस्ता अनुसार	बढी रकम

			विलभरपाईको रकम	
१६१-०७९।३।२५	सहायक पाँचौ विनोद प्रसाद यादव को पेश्की फछ्यौंट	८४०००	७७६४०	६३६०
१४२-०७९।३।२३	मातृ तथा नवशिशु कार्यक्रमबापत स्वास्थ्य शाखा प्रमुख जगन्नाथ साह	१५३८७५	१४८३२५	५५५०
१४३-०७९।३।२३	मातृ तथा नवशिशु कार्यक्रमबापत स्वास्थ्य शाखा प्रमुख जगन्नाथ साह	१८४६७५	१४६०५०	३९५०
५३-०७८।११।१६	पोषण कार्यक्रमबापत स्वास्थ्य शाखा प्रमुख जगन्नाथ साह	४००००	१९४००	२६००
८२-०७९।१।१५	पोषण कार्यक्रमबापत स्वास्थ्य शाखा प्रमुख जगन्नाथ साह	३७२००	३२२००	५०००
१४७-०७९।३।२३	क्षयरोगका विरामीहरुको खोजपड्ताल कार्यक्रमबापत स्वास्थ्य शाखा प्रमुख जगन्नाथ साहलाई भुक्तानी	१२००००	१११९००	८९००
			जम्मा	३२३६०

५६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ८ वटा योजना सञ्चालन गरी यस वर्ष २५० जनालाई औसत ३७ दिनले ३०१ दिन रोजगारी उपलव्ध गराई रु.५४३८९६५.० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित

			तवरले कार्य सञ्चालन गर्नुपर्दछ।	
५७			**भुक्तानीमा कर कट्टीः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको र कट्टी गरेकोमा पनि दाखिला नगरेकोले असुल एवं दाखिला गर्नुपर्ने रु.	३,४५१

भौ.न. र मिति	कार्यक्रम तथा भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	करको दर	रकम
१४३-०७९।३।२३	मातृ तथा नवशिशु कार्यक्रमबापत स्वास्थ्य शाखा प्रमुख जगन्नाथ साह पेश्की फछ्यौंट	१८४६७५	१५% पारिश्रमिक कर	२९७०
			१.५% अग्रिम कर	४८१
			जम्मा	३४५१

५८			**तरकारी (पकेट) विकास कार्यक्रमः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ४ मा साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन प्रकृयाको व्यवस्था गरेको छ। पालिकाले तरकारी बालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास संचालनको लागि सूचना प्रकाशन गरेकोमा २ वटा मात्र प्रस्तावना परेकोमा श्री सहकारी संस्था लि.पटेर्वा सुगौलीलाई पकेट संचालनको कार्यादेश दिएको देखियो। उक्त सहकारीले पेश गरेको विल भरपाईको लागत सहभागिता समेतको आधारमा रु.१११३७३०.० भुक्तानी गरेको छ। सहकारीले पेश गरेको विल भरपाईमा पानी तान्ने मोटर ३२ थान र विउ तथा मलखाद समेत वितरण गरेको उल्लेख छ। वितरण गरेका कृषि सामाग्रीहरुको समूचित प्रयोग भए नभएको अनुगमन सहकारी तथा पालिकाबाट भएको देखिएन। सम्झौतामा उक्त खर्चको सार्वजनिक सुनूवाई गर्नुपर्ने शर्तनामा रहेकोमा सार्वजनिक सुनुवाई समेत गरेको देखिएन। तसर्थः खर्चको सार्वजनकि सूनुवाई गरि सहकारी तथा पालिकाबाट अनुगमन गरि सो को प्रतिवेदन पेश हुनुपर्ने रु....	१,११३,७३०
५९			**लागत सहभागिता-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन	१८४,५००

गर्नु पर्ने व्यवस्था छ। साथै उक्तम्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नु पर्ने व्यवस्था छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७.१ मा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ। तर देहायका पकेट विकास तथा पकेट निरन्तरता कार्यक्रममा निम्नानुसार घटी लागत सहभागिता रहेकोले नपुग लागत सहभागिता सम्बन्धित कृषक समूह तथा संस्थाबाट असूल गरी सङ्घीय सञ्चितकोष फिर्ता गर्नु पर्ने रु.

.न.र मिति	कार्यक्रम	कृषक समूह/ संस्था	कुल कार्यक्रम खर्च	कृषक समूहले व्यहोर्नु पर्ने खर्च	कृषक समूहले व्यहोरेको खर्च	नपुग लागत सहभागिता
१६०-०७९।३।२४	तरकारीबालिको पकेट विकास कार्यक्रम	श्री सहकारी संस्था लि.पटेर्वा सुगौली पर्सा	१६७६६००.	४७९३७०.	४५८८७०.	२०५००
१५७-०७९।३।२४	माछाको पकेट विकास कार्यक्रमको निरन्तरता	जलपरी मत्स्य कृषक समूह	१८६५४००.	४१३३६०.	२४९३६०.	१६४०००
					जम्मा	१८४५००

६०

अनुत्पादक कार्य

स्थानीय सरकार संचालन ऐन, २०७४ मा कुनै संस्था वा व्यक्तिलाई पर्व, जात्रा, उत्सव मनाउन खर्च तथा सहयोग गर्ने व्यवस्था भएको देखिदैन । पालिकाले निम्न गोश्वारा भौचरबाट निम्न सम्बन्धित प्रतिनिधिहरु तथा कर्मचारीलाई छठ, तिहार, दशैं, होली, शिवरात्री आदी पर्व मनाउन पालिकाबाटै वडाहरुलाई योजना छनौट गरी बजेट व्यवस्था गरी टुक्रा-टुक्रा पारी खर्च गरेको छ । ती कार्यले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाउ दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई रु. ९१५,७१७।- वितरण गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

६१

गैर सरकारी संस्थासँग कार्य — १,८५४,२८८

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार,

<table>
<tr><td></td><td></td><td></td><td>गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूल प्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने, नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु. २० हजार भन्दा बढीको खरिद कार्य गर्दा मु.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीवाट खरिद गर्नुपर्ने, नियम ३१(१) मा रु. २० लाख रुपैँया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा लागत अनुमान तयार नगरी सोझै खरिदको प्रकृयाबाट गर्दा मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी खर्च भएको देखिन्छ । यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा बढी खर्च भएको, लागत अनुमान तयार नगरी सोझै खरिद प्रकृयाबाट काम गराई थप व्ययभार पारेको रु. (विस्तृत विवरण अनुसूचीमा छ)</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>अन्य निकायको खर्च
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार रु. १३८,८७३।- खर्च गरेको रकम नियमित देखिएन । यसरी खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएकोले कानून सम्मत नदेखिएको रु.
<table>
<tr><td>भौ.नं./मिति</td><td>भुक्तानी पाउने</td><td>कामको विवरण</td><td>रकम</td></tr>
<tr><td>१८५।०७८।१०।१८</td><td>बृज अटो मोबाइल्स</td><td>इलाका प्रहरी कार्यालय सवारी मर्मत</td><td>९२५६०</td></tr>
<tr><td>३६६।०७९।१।२२</td><td>निरज ट्रेडर्स</td><td>सशस्त्र प्रहरी बल सवारी मर्मत</td><td>४६३१३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१३८८७३</td></tr>
</table></td><td>१३८,८७३</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>सडक बती जडान</td><td>९६६,१५०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान बनाउँदा स्थानीय बजारमा प्रचलित दरभाउको आधारमा गर्न सकिने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गो.भौ.नं. १०३।०७८।९।२० बाट १००० सेट १८ वाट बल्ब बिथ क्याप, होल्डर, स्विच, वायर ढुवानी समेत रु. ८५५ को दरले खरिद तथा जडान वापत प्लानेट टेकलाई रु. ९६६,१५०।- भुक्तानी गरेको छ । उक्त सेटको लागत अनुमान बनाउँदा बजार अध्ययन गरेको कार्यालयको भनाई रहेकोमा बजार अध्ययन गरेको प्रतिवेदन पेश नभएको, दररेट लिएर अध्ययन गरेको देखिएन, सेटको लागत अनुमान तयार गरेकोमा प्रत्येक सामानको छुट्टाछुट्टै दररेट पनि पेश गरेको छैन भने हरेक सामाग्रीको परिमाण पनि खुलाएको छैन । यसरी अव्यवहारिक तरिकाले लागत अनुमान तयार गरेको कानून सम्मत देखिएन। साथै ती १००० सेट बती जडान भएको जडान प्रतिवेदन पेश नभएको, फोटो पेश नभएको तथा वडाहरुबाट अनुगमन साथै पालिकाबाट अनुगमन भई प्रतिवेदन पेश भएन । बती जडान भएको प्रतिवेदन, फोटोहरु, अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>वितरणमुखी कार्य
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु. २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पालिकाभरी तथा वडाहरुमा निम्न सामाग्री वितरण कार्यका लागि पालिकास्तरबाट तथा वडाहरुबाट टुक्रा-टुक्रा पारी रु. ।- खर्च गरेको छ । उक्त वितरण कार्यको लाभग्राही छनौट सम्बन्धी कुनै कार्यविधि वेगर जनप्रतिनिधिको तोकआदेशको आधारमा वितरण गरेको छ । यस्ता खरिद गरी वितरण गर्ने कार्यका लागि लाभग्राही छनौटको कार्यविधि निर्माण गरी लागत अनुमानको आधारमा एकमुष्ट रुपमा बोलपत्र माध्यमबाट खरिद गरी वितरण गर्नुपर्नेमा ऐन नियमावलीको व्यवस्था पालना नगरी निम्न सामाग्रीहरु टुक्रा-टुक्रा पारी वडाहरुले फरक फरक आपूर्तकबाट दररेट माग गरेर तथा सोझै खरिद गरेको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरु निम्न छनः
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>भूक्तानी पाउने</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>२५५।०७८।११।२५</td><td>जयनारायण प्रसाद महतो</td><td>हाइनेक र टोपी १९७ थान वडा नं. १ मा</td><td>२०००००</td></tr>
</table></td><td></td></tr>
</table>

२५९।०७८।११।२५	अन्जली ट्रेड एण्ड सप्लायर्स	टेबुल ४ कुर्सी ५० वितरण विभिन्न समुहलाई	९९८९२
६०९।०७९।३।२५	नमन अल ट्रेड सप्लायर्स	साडी ४१० थान वडा नं. २ का महिलाहरुलाई	२९१८७९
५११।०७९।३।१७	अंजली एग्रो सिड सेन्टर	हाइब्रिड धानको बिउ वितरण	२५००००
१७९।०७८।१०।१८	श्री सनराईज एग्रो फर्म	मल वितरण	२४९९००
५१०।०७९।३।१७	गुप्ता बिज भण्डार	हरियो मल वितरण	२०००००

६५

कर कट्टी नगरेको

७२,१७३

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी हुनुपर्ने व्यवस्था छ । निम्न संस्थाहरु मू.अ.करमा दर्ता नभएको तर गाउँपालिकाले ती संस्थाबाट तालिम गराएवापतको भुक्तानीमा नियमानुसार करकट्टी हुनुपर्ने कर कट्टी नगरेको तथा घटी कट्टी गरेको पाइयो। निम्नानुसारको घटी कट्टी दाखिला हुनुपर्ने रु.

भौ. नं./ मिति	भुक्तानी पाउने	कर काटनुपर्ने	कर काटेको	घटी कट्टी
२३०।०७८।११।१३	कृति डेभलपमेन्ट एण्ड स्किल प्रा.लि.	३२४८	०	३२४८
२४६।०७८।११।२२	ग्रामिण उर्जा, खानेपानी तथा कृषि प्रवर्द्धन सेवा केन्द्र	११४१५	६३००	५११५
२४७।०७८।११।२२	रुरल स्किल डेभलपमेन्ट सेन्टर प्रा.लि.	१७८१३	९०००	८८१३
२४९।०७८।११।२२	ग्रामिण प्रविधि केन्द्र प्रा.लि.	४३४४०	१५००	४१९४०
३८६।०७९।२।१०	ग्रामिण शिप विकास तथा परामर्श केन्द्र	२०६५२	७५९५	१३०५७
			जम्मा	७२१७३

६६

श्रेस्ता पेश नभएको

२,९६६,३६१

			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा निम्न खर्चहरुको गोश्वारा भौचर मात्र पेश गरेको छ । सम्बन्धित खर्च पुष्टी हुने बिल भरपाइ लगायत आवश्यक कागजात पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.	

भौ.नं./मिति	विवरण	रकम
११३।०७८।९।२६	प्रज्ञा ट्रेड लिंकलाई मसलन्द खरिद वापत भुक्तानी	१९६१११
३०३।०७८।१२।११	गा◌ेपाल साह रा◌ैनियारलाई आर्थिक सहयोग	२००००
३२८।०७८।१२।३०	नव नेपाल मिडिया नेटवर्क प्रा.लि.लाई विज्ञापन प्रकाशन वापत भुक्तानी	४८८१६०
३५३।०७९।१।१५	समय इलेक्ट्रालाई पंखा खरिद वापत भुक्तानी	४५५११
३६७।०७९।१।२२	सिमाना मिडिया प्रा.लि.लाई कार्यक्रम संचालन वापत भुक्तानी	४९४०००
३९४।०७९।२।१३	विजय कन्सट्रक्सनलाई योजनाको कार्य गरे वापत भुक्तानी	३९२४६९
४४६।०७९।३।६	रामेश्वर राउत अहिरलाई सपथ ग्रहण कार्यक्रम वापत भुक्तानी	३२३५००
५७०।०७९।३।२४	हिमालय मल्टिपर्पोज मिडिया एण्ड सप्लायर्स प्रा. लि.लाई सुचना प्रकाशन वापत	१५०२९०
६१४।०७९।३।२५	राजेश्वर प्रसादलाई कार्यालय बोर्ड सामाग्री खरिद वापत	११४३२०
६२०।०७९।३।३१	राम बाबु रायको पेश्की फछ्यौंट	५०००००
६२२।०७९।३।३१	संजित प्रसाद यादवको पेश्की फछ्यौंट	२४२०००
	जम्मा	२९६६३३१

६७			**प्रमाण पेश नभएको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ५५०।०७९।३।२३ बाट स्वस्तिक प्रेसलाई कक्षा १ को १0१० थान र कक्षा २ को ९४८ थान सन्दर्भ सामाग्री खरिदवापत रु. ४४२,५०८।- भुक्तानी गरेको छ । उक्त सन्दर्भ सामाग्रीहरु विभिन्न २४ वटा विद्यालयलाई उपलब्ध गराएकोमा ती विद्यालयले सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.	४४२,५०८
६८			**ओभरहेड भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसुची १क (नियम १२ को उपनियम ४ संग सम्बन्धित) मा परामर्श सेवाको लागत अनुमान तयार गर्ने ढाँचा स्वीकृत भएकोमा ओभरहेड वापतको रकम उपलब्ध गराउने व्यवस्था रहेको छैन । गाउँपालिकाले निम्नानुसारको कार्यक्रममा निम्न संस्थाहरुलाई संस्थागत शिर्षभार भनी ओभरहेड रु. १६९,१४०।- भुक्तानी गरेको छ । यसरी संस्थालाई दिन नमिल्ने ओभरहेड सम्बन्धितबाट असुल हुनुपर्ने रु.	१६९,१४०

भौ. नं./ मिति	भुक्तानी पाउने	प्रयोजन /विवरण	रकम (भ्याट सहित)
१६७।०७८।१०।६	दुधेश्वर महादेव मल्टिपर्पोज प्रा.लि.	मानव अधिकार सम्बन्धी तालिम	१६९५०
१६८।०७८।१०।६	सृजनशील शिक्षा विकास केन्द्र प्रा.लि.	सहकारी संस्थालाई क्षमता विकास तालिम	२०३४०
१६९।०७८।१०।१२	सहज सेवा सीप विकास केन्द्र प्रा.लि.	किशोरीहरुलाई ५ दिने उदघोषण तालिम	१६९५०
१७०।०७८।१०।१२	शुभम साक्षी शिप बिकास केन्द्र प्रा.लि.	भिते लेखन तालिम	१६९५०
२६१।०७८।११।२६	सहज सेवा सीप विकास केन्द्र प्रा.लि.	आँखा शिविर कार्यक्रम	११३००
३५९।०७९।१।१५	सृजनशील शिक्षा विकास केन्द्र प्रा.लि.	नसर्नेरोग सम्बन्धि तालिम	१६९५०
३६०।०७९।१।१५	सृजनशील शिक्षा विकास केन्द्र प्रा.लि.	उपभोक्ता समितिका सम्बन्धि तालिम	१६९५०
३७०।०७९।१।२८	सहज सेवा सीप विकास केन्द्र प्रा.लि.	मेलमिलापकर्ताका लागि रिफ्रेसर तालिम	१६९५०

३८६।०७९।२।१०	ग्रामिण शिप विकास तथा परामर्श केन्द्र	बालविवाह दाइजो प्रथा विरुद्ध जनचेतनामूलक तालिम	३५८००
		जम्मा	१६९१४०

६९

विद्यालयलाई अनुदान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौचरबाट निम्न विद्यालयलाई विभिन्न शिर्षकबाट अनुदान उपलब्ध गराएको छ । अनुदान उपलब्ध गराउने, अनुगमन कसले गर्ने, के के शिर्षकमा खर्च गर्ने सम्बन्धमा कुनै कार्यविधि तयार नगरी सोझै रकम उपलब्ध गराएको तथा अनुगमन प्रतिवेदन समेत पेश भएन । साथै यसै प्रकृतिका अनुदान संघीय सरकारबाट पनि प्रदान गरिदै आएकोमा दोहोरीने तथा अनियमितता बढ्ने अवस्था रहेकोमा समेत यस सम्बन्धी कुनै कार्यविधि तयार नगरी तथा अनुगमन निरिक्षण प्रतिवेदन वेगर उपलब्ध गराएको अनुदान अनियमित देखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

भौ.नं./मिति	भुक्तानी पाउने/संस्था/व्यक्ति	रकम
७।०७८।६।२१	१५ ओटा विद्यालयलाई २७ जना निजी श्रोतका कर्मचारी तलब	१३५००००
६२।०७८।७।१७	प्लस टु संचालनका लागि ३ ओटा विद्यालयलाई अनुदान	१८०००००
१७५।०७८।१०।१३	२४ ओटा विद्यालयलाई निजी श्रोतका कर्मचारी तलब	१६३१०००
१७६।०७८।१०।१३	१६ ओटा विद्यालयलाई निजी श्रोतका कर्मचारी तलब	१२३००००
२३७।०७८।११।१६	प्लस टु संचालनका लागि ३ ओटा विद्यालयलाई अनुदान	१८०००००
३४६।०७९।१।११	१५ ओटा विद्यालयलाई २७ जना निजी श्रोतका कर्मचारी तलब	४५५०००
५२०।०७९।३।१७	२४ ओटा विद्यालयलाई निजी श्रोतका कर्मचारी तलब	९६५०००
५५८।०७९।३।२४	श्री नेपाल राष्ट्रिय मा.बि. विद्यालयलाई कर्मचारी तलब	५००००
	जम्मा	९२८१०००

<table>
<tr><td>७०</td><td></td><td></td><td>बिल भरपाई पेश नभएको
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ३२६।०७८।१२।२५ बाट ३ ओटा विद्यालयलाई जनही रु. १ लाख दरले शैक्षिक भ्रमणवापत उपलब्ध गराएको छ । ती विद्यालयहरुले शैक्षिक भ्रमणको प्रतिवेदन, बिल भरपाई जस्ता प्रमाण कागजात पेश गरेको छैन । शैक्षिक भ्रमणको प्रतिवेदन, बिल भरपाई पेश हुनुपर्ने रु.</td><td>३००,०००</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>सेवा शुल्क
आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्कमा १५ प्रतिशत कर कट्टी हुनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. २५२।०७८।११।२५ बाट भैरो प्रसाद पटेललाई सेवा शुल्क वापत रु. ६४,०००।- तथा गो.भौ.नं. ५४६।०७९।३।२३ बाट रु. ३२,०००।- समेत कुल रु. ९६,०००।- भुक्तानी गरेको छ । उक्त भुक्तानीमा १ प्रतिशत मात्र कर काटेकोले घटी १४ प्रतिशत कर दाखिला हुनुपर्ने रु.</td><td>१३,४४०</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>खर्चको पुष्टी नभएको
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने तथा नियम ९४, ९५ र ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको रु. २०,९७,४४५।- भुक्तानी गर्दा आवश्यक कागजात पेश गरेको छैन । यी खर्च पुष्टी हुने आधार प्रमाण तथा निम्न नपुग कागजात पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ. नं./ मिति</th><th>भुक्तानी पाउने</th><th>प्रयोजन /विवरण</th><th>नपुग कागजात</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४१५।०७९।२।२४</td><td>पृथ्वी नारायण साह</td><td>पशुपंक्षी खोप कार्यक्रम</td><td>प्रतिवेदन, खर्चको तेरिज</td><td>३०००००</td></tr>
<tr><td>५५३।०७९।३।२३</td><td>जगन्नाथ साह</td><td>पूर्ण खोप कार्यक्रम</td><td>प्रतिवेदन</td><td>१४९८००</td></tr>
<tr><td>५६।०७८।७।१६</td><td>समय ट्रेड सप्लायर्स</td><td>मसलन्द</td><td>दाखिला, खरिद आदेश, माग फाराम</td><td>२५०९८४</td></tr>
<tr><td>५८।०७८।७।१६</td><td>चौरसिया बुक् एण्ड जेनरल स्टोर</td><td>मसलन्द</td><td>दाखिला, खरिद आदेश, माग फाराम</td><td>५७८८१</td></tr>
</table></td><td>२,०९७,४४५</td></tr>
</table>

५९६।०७९।३।२५	क्रिएटिभ आईटि सेन्टर	कार्टेज २५ थान	दाखिला, खरिद आदेश, माग फाराम	९८७३३
		मल्टिपल्ग १५ थान		
१३२।०७८।१०।२	जय माँ भवानी भेट कन्सर्न	फिसमिन २३४ केजि	वितरण भरपाई	३४९६०७
		स्टारमिन गोल्ड ३०० केजि		
		टक्सिमार २९५ केजि		
		क्लिनर २५ लि		
३०६।०७८।१२।२०	अलिसा एण्ड अरुण इम्पेक्स	खेलकुद सामाग्री	वितरण भरपाई	४९८६६९
२५९।०७८।११।२५	अन्जली ट्रेड एण्ड सप्लायर्स	टेबुल ४ कुर्सी ५०	ह.फा. वा वितरण भरपाई	९९८९२
६०९।०७९।३।२५	नमन अल ट्रेड सप्लायर्स	साडी ४१० थान	वितरण भरपाई	२९१८७९
			जम्मा	२०९७४४५

७३

भुक्तानी दिन बाँकीको कच्चावारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रहि खर्च गर्नुपर्ने, बजेटले नखाम्ने गरी बढी खर्च हुनेगरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । यस्तै नियम ३९(१३) मा अघिल्लो आर्थिक वर्षमा भुक्तानी हुनुपर्ने रकम भुक्तानी हुन बाँकी रहेमा मलेप फाराम नम्बर २२१ (भुक्तानी हुन बाँकीको कच्चाबारी) भरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले २०७७।७८ मा निम्न गोश्वारा भौचरबाट निम्नानुसारको विवरण भएको खर्च रु. ४६८,१०४।- भुक्तानी हुन बाँकीको कच्चाबारी संलग्न नगरेको तथा कार्यपालिकाबाट अनुमोदन समेत नगराई यो आ.व. मा भुक्तानी दिएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

गो.भौ.नं.।मिति	विवरण	रकम
५९।०७८।७।१६	नेपाल पोष्ट मिडिया प्रा.लि.लाई सूचना प्रकाशन वापत भुक्तानी	२३३९१०

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०२।०७८।९।१३</td><td>हिमालय एडभर्टाइजिङ्ग एण्ड मिडिया प्रा.लि.लाई भुक्तानी</td><td>८१९५२</td></tr>
<tr><td></td><td>हिमालय मल्टिपर्पोज मिडिया एण्ड सप्लायर्स प्रा.लि.</td><td>१५२२४२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४६८१०४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>स्वीकृति वेगरको कार्यक्रम
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेर खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले भैपरी आउने चालु खर्च शिर्षकबाट गो.भौ.नं. १०८।०७८।९।२० बाट बिरेन्द्र प्रसाद चौधरीलाई वडा नं. ५ का महिलाहरुलाई २०० थान साडी वितरण वापत रु. १८५,९१६।- भुक्तानी गरेको छ । उक्त कार्यक्रमको लागि टिप्पणी स्वीकृत नगरेको तथा कार्यपालिकाबाट निर्णय समेत नभएकोले उक्त खर्च नियम सम्मत नदेखिएको रु.</td><td>१८५,९१६</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>पेश्की
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै गरीको कर्तव्य हुने व्यवस्था छ। गाउँपालिकामा आर्थिक वर्षको अन्तमा रु. ८९,८३,३२४।— पेश्की फछ्र्यौंटनभई बाँकी रहेको छ। उक्त पेश्की मध्ये म्याद बाँकी रहेको मोबिलाइजेशन पेश्की रु. १६,००,०००।— बाहेकोको रु. ७३,८३,३२४।— पेश्की बाँकी नियमावली अनुसार फछ्र्यौंट हुनुपर्ने देखिएको रु.
<table>
<tr><td>मिति</td><td>गो. भौ. न.</td><td>पेश्कीको विवरण</td><td>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>कर्मचारी भए पद</td><td colspan="2">पेश्की</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>म्याद ननाघेको</td><td>म्याद नाघेको</td></tr>
<tr><td>कर्मचारी</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२०७८/१०/२८</td><td>२०२</td><td>कार्यक्रम खर्च</td><td>रमेश चाैधरी</td><td>पशु सेवा प्राविधिक</td><td></td><td>९९०००</td></tr>
<tr><td>संस्थागत</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>७,३८३,३२४</td></tr>
</table>

२०७९/०२/१८	१८३	सम्पुरक कोष	रितेश कन्स्ट्रक्सन	प्रोप्राइटर	१६०००००	
व्यक्तिगत						
२०७८/०४/०१	१९९	अन्य सामाजिक सुरक्षा	अब्बदुल कादिर अंसारी			२५००००
२०७८/०४/०१	१९९	कार्यक्रम खर्च	अब्बदुल कादिर अंसारी			३०००००
२०७८/०४/०१	१९९	विषादी खरिद ५०% अनुदान	गोबिन्द भैया थारु			५००००
२०७८/०४/०१	१९९	किशोरीहरुलाई पोषण सम्बन्धी तालिम	जगन्नाथ साह			४००००
२०७८/०४/०१	१९९	किशोरीहरुलाई यौन शिक्षा प्रजनन स्वास्थ्य बारे अभिमुखिकरण	जगन्नाथ साह			३००००
२०७८/०४/०१	१९९	गर्भवती तथा सुत्केरी अवस्थामा देखा पर्ने स्वास्थ्य समस्या बारे अभिमुखिकरण	जगन्नाथ साह			५००००
२०७८/०४/०१	१९९	बच्चाहरुलाई कुपोषणबाट बचाउन पाखुराको नाम कार्यक्रम	जगन्नाथ साह			३५०००
२०७८/०४/०१	१९९	बहुक्षेत्रीय पोषण कार्यक्रम	जगन्नाथ साह			४५५०००
२०७८/०४/०१	१९९	लागु औषधी मादक पदार्थ सेवन कर्ता दुष्येसनी युवायुवतीलाई अभिमुखिकरण	जगन्नाथ साह			३००००
२०७८/०४/०१	१९९	वहुक्षेत्रिय पोषण कार्यक्रम कार्यपालिकावाट स्विकृत	जगन्नाथ साह			१५००००
२०७८/०४/०१	१९९	विद्यालय शिक्षा तथा डिवर्मिन कार्यक्रम	जगन्नाथ साह			३००००
२०७८/०४/०१	१९९	विपद व्यवस्थापन तथा उद्धार र राहत	जगन्नाथ साह			५८९७५०
२०७८/०४/०१	१९९	सुनौलो हजार दिनका आमाहरुलाई अभिमुखिकरण	जगन्नाथ साह			४००००
२०७८/०४/०१	१९९	सर्ने तथा नसर्ने रोग सम्बन्धी अभिमुखिकरण	जगन्नाथ साह			३००००
२०७८/०४/०१	१९९	सरसफाई सम्बन्धी तालिम	जगन्नाथ साह			४००००

२०७८/०४/०१	१९९	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	निर्मल कुमार सिंह			५०००००
२०७८/०४/०१	१९९	कर्मचारीहरुको लागि क्षमता विकास तालिम	प्रदिप चौरसिया			५०००००
२०७८/०४/०१	१९९	लक्षीत समुह अपाङ्ग जेष्ठ नागरीक दलित पिछिडा वर्ग आदीवासी जनजाती सम्मान कार्यक्रम	बिरेन्द्र प्रसाद चौधरी			७०००००
२०७८/०४/०१	१९९	विपद व्यवस्थापन कोष	बिरेन्द्र प्रसाद चौधरी			५०००००
२०७८/०८/०६	२१	कृत्रिम गर्भाधान मिसन कार्यक्रम	पृथ्वी नारायण साह	नायब पशु स्वास्थ्य प्रा.		२५००००
२०७८/०९/२३	१११	मनिहार्वा स्कुलको शैक्षिक भ्रमण	हरिराज प्रसाद यादव			२०००००
२०७८/१०/१२	१७४	जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि अवलोकन भ्रमण	अब्बदुल कादिर अंसारी			२१००००
२०७८/१०/१८	१८२	कर्मचारीको बैठक भत्ता	कमलेश प्रसाद चौधरी			१६०००
२०७८/१०/२८	२०१	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	राजकुमार प्रसाद महतो			३०००००
२०७८/१०/२८	२०३	कार्यक्रम खर्च	जगन्नाथ साह			१२००००
२०७८/१०/२८	२०४	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	अब्बदुल कादिर अंसारी			९८५००
२०७८/१०/२८	२०५	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	अब्बदुल कादिर अंसारी			९८५००
२०७८/१०/२८	२०६	पशुपंक्षीहरूको आहार	पृथ्वी नारायण साह	नायब पशु स्वास्थ्य प्रा.		७५०००
२०७८/११/१२	२२४	कृषि समुह परिचालन / पुनर्गठन	गोबिन्द भैया थारु			२०००००
२०७८/११/१६	२४३	बालबालिकाहरुलाई उच्च शिक्षाको लागि समान कार्यक्रम	कमलेश प्रसाद चौधरी			५००००

२०७८/११/१६	२४३	महिला दिवस कार्यक्रम	कमलेश प्रसाद चौधरी			३०००००
२०७८/१२/२०	६६	महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यक का तथ्याङ्क संकलन र अधावधिक गर्ने	कमलेश प्रसाद चौधरी			१०००००
२०७९/०३/०३	११४	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम)	लोक राम भुल			५०००००
२०७९/०३/०३	११५	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने	विरेन्द्र राम सार्की			२५८५७४
२०७९/०३/१३	४७१	भैपरी आउने चालु खर्च	राजकुमार प्रसाद महतो			८५०००
२०७९/०३/३२	६२६	कार्यक्रम खर्च	शम्भु प्रसाद साह तेली			१०३०००
					१६०००००	७३८३३२४
				जम्मा	८९८३३२४	

७६			**फरक हिसाव**	
७६.१			यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ८२८३४०९२.४९, यस वर्षको प्राप्ति रु.९११०५१९१.४६ यस वर्षको भुक्तानी रु.११०४०३१७०.०१ र बैङ्क मौज्दात रु. ३९९८०९९२.६८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।	

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	८३६५४१०.०९	३६३९९३१३८.५२	३८४४२५३९९.२४	-१२०६६८५०.६३
एकीकृत आर्थिक विवरण अनुसार	९११९९५०२.५८	४५५०९८३२९.९८	४९४८२८५६९.२५	५२०४७८४३.३१
फरक	८२८३४०९२.४९	९११०५१९१.४६	११०४०३१७०.०१	३९९८०९९२.६८

७६.२ पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार आम्दानी तर्फ रु.१४४७३५१.४७ घटी हुन आएको रकमलाई स्रोत नखुलेको आम्दानी भनि देखाएकोले उक्त रकम सम्बन्धमा एकिन गर्नुपर्दछ।

७७ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ।

खाता	**स्रेस्ता अनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	६०१२५२४.३९	६०१२५२४.३९	०
चालु खर्च खाता	३०४४८३७.४५	३०४४८३७.४५	०
पुँजीगत खर्च खाता	२८८४४१६.७५	२८८४४१६.७५	०
विविध खर्च खाता	४५२८६२.५०	८९०८४२.५०	४३७९८०.०
प्रकोप व्यवस्थापन खाता	२३६३३७.०	२३६३३७.०	०
स्थानीय विभाज्य कोष	०	०	०

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कर्मचारी कल्याण कोष खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>धरौटी मौज्दात</td><td>५९१९२०८.७१</td><td>६१४०७०८.७१</td><td>२२१५००.०</td></tr>
<tr><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>६९०७२३६.५६</td><td>७२१७८९७.५६</td><td>३१०६६१.०</td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>२१४५१७७८.९५</td><td>२१४५१७७८.९५</td><td>०</td></tr>
<tr><td>आन्तरिक अनुदान</td><td>४१६८५००.०</td><td>४१६८५००.०</td><td>०</td></tr>
<tr><td>विविध कोष खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>बैङ्क मौज्दात</td><td>५१०७७७०२.३</td><td>५२०४७८४३.३१</td><td>९७०१४१.०</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.३०४४८३७.४५ पुंजीगत खातामा रु.२८८४४१६.७५, आन्तरिक राजश्व खातामा रु.६९०७२३६.५६, राजश्व बाँडफाँड खातामा रु.२१४५१७७८.९५गरी रु.३४२८८२६९.७१ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>गत विगतको भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१५०००००.० भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>आर्थिक सहायता</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ४७ संघसंस्था र व्यक्तिहरुलाई रु.७०००००.० आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी
स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्ष श्री ममता महतो मिति २०७८।६।०७ मा रु.४७ करोड २८ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।६।०७ पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७८।६।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>योजनाको प्राथमिकीरण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल २४९ योजनामा वजेट विनियोजन गरेको छ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>योजना सङ्ख्या</th><th>रु.२० लाखमाथिका योजना सङ्ख्या</th><th>रु.५ लाख देखि २०लाख सम्मका योजना सङ्ख्या</th><th>रु.५लाख भन्दा कमका योजना सङ्ख्या</th></tr>
<tr><td>१.</td><td>पालिकास्तरीय</td><td>१३१</td><td>९</td><td>५६</td><td>६६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२.</td><td>वडा स्तरीय</td><td>११८</td><td>०</td><td>४१</td><td>७७</td></tr>
</table>

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१६ योजनामात्र कार्यान्वयन भई ३३ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>
योजना तथा वजेट कार्यान्वयन
यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः
• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो। कुल पुँजीगत खर्च रु.१३ करोड २५ लाख भएकोमा प्रथम चैमासिकमा रु.१ लाख ३१ हजार, दोश्रो चैमासिकमा रु.३ करोड ७१ लाख, तेस्रो चौमासिकमा रु.९ करोड ५२ लाख र असार महिनामा मात्रै रु.५ करोड ६३ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।
• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१४ करोड २५ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणाली
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः
</td><td></td></tr>
</table>

			• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु.४० लाख ४९ हजार खर्च गरेको छ । • पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन। • दिगो बिकास लक्ष्य (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। • पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । • सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ। • निजामती सेवा ऐन,२०४९ बमोजिम यस पालिकाकामा कार्यरत ३० जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन। • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो। • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता	

			तयार गरेको पाइएन। • पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन। • भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२० लाख खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१० लाख खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। • पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो। • पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन। • पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था	

			कार्यान्वयन गरेको पाइएन। • संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन। • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क ।EMIS अद्यावधिक गरेको छैन। • कार्यालयले सवारी साधनको सवारी विमा गरेको छैन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
८५			**सेवा प्रवाहः** सुशासन ऐन २०६४ र नियमावली २०६५ अनुसार सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन। गाउँपालिकाले यी व्यहोरालाई समेत ध्यान दिई उपयुक्त तरिका, बिधि अपनाई सेवाग्राही मैत्री सेवाप्रवाह गर्नुपर्दछ। ¬ टोकन प्रणाली लागू नगरेको, घरजग्गाको लगत नरहेको, ¬ गाउँपालिका भित्र रहेका साविक देखिका कृषि, पशु, स्वास्थ्य, गाउँ विकास समिति, विद्यालयका भवन, सामुदायिक भवन लगायतका संरचनाको अधिकतम उपयोग हुने गरी सेवा प्रवाहमा आवद्ध गर्नुपर्ने, ¬ वडा कार्यालय समेतमा नागरिक वडापत्र नराखेको। ¬ स्वास्थ्य संस्था नियमन नगरेको तथा ×घ" बर्गको इजाजत पत्रको अभिलेख नराखेको। ¬ सार्बजनिक सुनुवाई कार्यक्रम संचालन नगरेको।	

			¬ पालिकाले ऐन, नियम तथा कानून निर्माणको अभिलेख नराखेको । ¬ सभाले तोकेको केही कार्यक्रम संचालन नगरेको। पालिकाले वार्षिकरुपमा सम्पादन गरेका कार्यहरुको प्रगति विवरण तयार नगरेको।	
८६			**आन्तरिक लेखापरीक्षण** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थः कानूनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।	
८७			**न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ वटा र यो बर्ष थप भएको ५ वटा गरी कुल १६ वटा विवाद दर्ता भएकोमा १२ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।	
८८			**वित्तीय विवरणको यथार्थता** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६४१७८४७२।— र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.९५१०४२८।— समेत गरी रु.७३६८८९००।— सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।	